नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

## मोबाइल रिङ्ग ब्याकटोन सम्बन्धी जरुरी सूचना

राष्ट्रिय दिवसहरु (संविधान दिवस, प्रजातन्त्र दिवस, गणतन्त्र दिवस लगायत) वा नेपाल सरकार, मन्त्रिपरिषद्बाट राष्ट्रिय दिंवस वा राष्ट्रियस्तरमा मनाउने भनी निर्णय भएका विषयसम्बन्धी सामग्री वा विपद, महामारी वा राष्ट्रिय सुरक्षासँग सम्बन्धित पूर्व सूचना वा जानकारीमूलक सामग्री सहितका सन्देशहरु सम्बन्धित निकायबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध भई आएमा नेपाल दूरसञ्चार प्राधिकरणले टेलिकम सेवा प्रदायक कम्पनीलाई निःशुल्क मोबाइल रिङ्ग ब्याकटोन (CRBT) बजाउन अनुमति दिन सक्ने छ। साथै, कुनै सरकारी निकाय, सार्वजनिक संस्था वा सामाजिक संस्थाको स्थापना दिवस, विशेष दिवस वा ती निकायसँग सम्बन्धित जानकारीमूलक सूचना, सन्देश वा धुन वा कुनै धर्म, जातजाति, भौगोलिक क्षेत्र वा समुदायको चाडपर्व, मेला वा विशेष अवसरसँग सम्बन्धित सन्देश वा शुभकामना वा सो सम्बन्धी धुन नेपाल दूरसञ्चार प्राधिकरणले टेलिकम सेवा प्रदायक कम्पनीलाई सःशुल्क (CRBT) बजाउन अनुमति दिन सक्ने र CRBT को शुल्क निर्धारण नेपाल दूरसञ्चार प्राधिकरणबाट हुने व्यहोरा सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।